मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ६६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ ८ गते बिहीबार (Thursday, 22 January. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## फर्मलाई ५० हजार जरिवाना

**काठमाडौँ, माघ ७।** वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले एक फर्मलाई रु. ५० हजार जरिवाना गरेको छ। विभागले गरेको अनुगमनको क्रममा कैफियत देखिएपछि विभागले खिलुङ्गा कालिका मार्केटिङ प्रालि सूर्यविनायक-२ बालकोटलाई जरिवाना गरेको हो।

उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार सो फर्मलाई कारबाही गरिएको विभागले जनाएको छ। विभागले थप १२ फर्मको स्थलगत अनुमगन गरेको

*(बाँकी अन्तिम पृष्ठमा)*

## डेढ खर्ब मात्र निर्यात

**काठमाडौँ, माघ ७।** चालूआर्थिक वर्ष २०८२/०८३को अर्धवार्षिक समीक्षा अवधिसम्ममा नेपालले कूल रु. १० खर्ब ८१ अर्ब चार करोड बराबरको वैदेशिक व्यापार गर्दा रु. सात खर्ब ९७ अर्ब ४८ लाख बराबरको घाटा व्यहोरेको छ।

भन्सार विभागले बुधवार सार्वजनिक गरेको गत पुस मसान्तसम्मको वैदेशिक व्यापारको तथ्याङ्क अनुसार गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यसवर्ष कूल वैदेशिक व्यापार १७ दशमलव ३६ र व्यापार घाटा १० दशमलव १५ प्रतिशतले बढेको छ।

गत पुस मसान्तसम्ममा कूल रु. नौ खर्ब ३९ अर्ब दुई करोड २८ लाखको वस्तु आयात हुँदा रु. एक खर्ब ४२ अर्ब एक करोड ८० लाख बराबरको मात्रै निर्यात भएको विभागले जनाएको छ। कूल वैदेशिक व्यापारमा आयातको हिस्सा ८६ दशमलव ८६ र निर्यातको हिस्सा १३ दशमलव १४ प्रतिशत छ।

वैदेशिक व्यापारमा नेपालको सबैभन्दा ठूलो साझेदारका रूपमा रहेको भारतसँग पछिल्लो छ महिनामा रु. पाँच खर्ब ३२ अर्ब ४५ करोड ६७ लाख बराबरको वस्तु आयात भएको छ भने रु. एक खर्ब १५ अर्ब ७४ करोड ३६ लाखको निर्यात भएको छ। यो अवधिमा भारतसँगको व्यापार घाटा मात्र रु. चार खर्ब १६ अर्ब ७१ करोड ३० लाख रहेको छ।

अर्को छिमेकी मुलुक चीनसँगको पछिल्लो छ महिनाको व्यापार घाटा रु. एक खर्ब ९५ अर्ब ३६ करोड ८४ लाख छ। चीनबाट रु. एक खर्ब ९६ अर्ब ९४ लाख बराबरको वस्तु आयात हुँदा रु. ६४ करोड नौ लाख बराबरको मात्र निर्यात भएको विभागले जनाएको छ।

नेपालको व्यापार घाटा बढी रहेका मुलुकहरुमा अर्जेन्टिना, संयुक्त अरब इमिरेट्स, इन्डोनेसिया, थाइल्याण्डलगायत छन्। त्यस्तै, व्यापार नाफा रहेका मुलुकको शीर्ष स्थानमा डेनमार्क छ। पछिल्लो छ महिनामा नेपालले डेनमार्कसँग रु. नौ करोड १५ लाखको आयात र रु. ५१ करोड दुई लाखको निर्यात गर्दा रु. ४१ करोड ८६ लाख व्यापार नाफा देखिन्छ। रोमानिया, स्वीडेन, इराक, नर्वेलगायत मुलुकसँग नेपालको नाफा छ।

यो अवधिमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा उच्च छ। चालू आवको पुस मसान्तसम्ममा रु. ५८ अर्ब २७ करोड ९२ लाख ७६ हजारको डिजेल, रु. ३३ अर्ब सात करोड २१ लाख ६८ हजार बराबरको पेट्रोल र रु. २७ अर्ब चार करोड २० लाख २६ हजार बराबरको खाना पकाउने ग्यास आयात भएको छ।

*(बाँकी अन्तिम पृष्ठमा)*

# झापा–५मा दल त्याग्नेको लहर

### एमाले युवा संघका अध्यक्ष र कांग्रेस नगर सभापति बालेनको पक्षमा





**झापा, माघ ७।** आगामी फागुन २१मा हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै जाँदा झापा-५मा प्रमुख दलभित्रै असन्तुष्टि चुलिँदै गएको छ।

नेपाली कांग्रेसका दमक नगर सभापति प्रकाश प्रसाईले दल परित्याग गर्दै बालेनलाई समर्थन गरेको भोलिपल्ट नेकपा एमाले निकट युवा संघका नगर अध्यक्ष छवि खतिवडाले पनि संगठन र पार्टी सदस्यता परित्याग गर्दै झापा-५का राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बनेका बालेन्द्र शाह 'बालेन'लाई समर्थन गर्ने घोषणा गरेका छन्।

झापा क्षेत्र नम्बर ५मा पर्ने कमल गाउँपालिकाका नेपाली कांग्रेसका सचिव महेन्द्र बुढाथोकी पनि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवेश गरेका छन्। बुढाथोकीले सामाजिक सञ्जाल फेसबुकमा काँग्रेस कमल गाउँपालिकाको सचिव र साधारण सदस्य समेतबाट राजीनामा गरेको जनाएका छन्। यसले पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको परम्परागत पकड रहेको क्षेत्रमा राजनीतिक समीकरण फेरिने संकेत देखिएको छ।

नेकपा एमाले निकट राष्ट्रिय युवा संघ नेपाल, दमक नगर कमिटीका अध्यक्ष खतिवडाले सामाजिक सञ्जाल फेसबुकमार्फत सार्वजनिक गरेका हुन्। उनले स्टाट्समा माघ ७ गतेदेखि आफूले युवा संघको अध्यक्ष र एमालेको संगठित सदस्य पद छाडेको उल्लेख गरेका छन्। 'परिवर्तनलाई आत्मसात् गर्दै झापा-५का उम्मेदवार बालेन शाहको चुनावी अभियानमा साथ-समर्थन जनाउने निर्णय गरेको छु'- उनले लेखेका छन्। उनले अब कुनै दलमा आबद्ध नरही स्वतन्त्र राजनीतिक जीवन बिताउने निर्णय गरेको समेत बताएका छन्।

झापा-५ बाट एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री ओली उम्मेदवार बनेका बेला संगठनभित्रैबाट आएको यो परित्यागलाई अर्थपूर्ण रूपमा हेरिएको छ।

यस्तै, नेपाली कांग्रेसभित्र पनि असन्तुष्टिको स्वर सार्वजनिक हुन थालेको छ। कांग्रेसका दमक नगर सभापति प्रसाई, कमल गाउँ समिति सचिव बुढाथोकी समेतले पार्टीको आन्तरिक निर्णयप्रति असहमति जनाउँदै पद र सदस्यता परित्याग गरेका छन्।

दलका जिम्मेवार तहबाटै एकपछि अर्को परित्यागको घटना सार्वजनिक हुन थालेपछि झापा-५मा यसपटकको निर्वाचन परम्परागत दलको पकडभन्दा बाहिर जान सक्ने स्थानीयले आँकलन गर्न शुरु गरेका छन्। संगठनभित्रको असन्तुष्टि र दलत्यागको लहरले झापा-५को चुनावी प्रतिस्पर्धालाई अझ रोचक बनाएको छ।

झापा ५मा नेकपा एमालेका अध्यक्ष ओली, राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता शाह सहित २४ जनाले प्रतिनिधिसभा सदस्यका लागि मनोनयन दर्ता गराएका छन्।

**झापामा बालेनको सक्रियता बढ्यो, राना मगरसँग समन्वयात्मक भेटवार्ता**



प्रतिनिधिसभा निर्वाचनको प्रचार अभियान तीव्र बन्दै जाँदा झापा-५का राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार बालेन शाह चुनावी समन्वयमा व्यस्त देखिएका छन्।

उम्मेदवारी दर्तालगत्तै उनी पार्टीका अर्का उम्मेदवार तथा निवर्तमान उपसभामुख इन्दिरा राना मगरसँग भेटघाट र छलफलमा जुटेका छन्।

झापा-५ बाट उम्मेदवारी दिएका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का वरिष्ठ नेता शाहले झापा क्षेत्र नम्बर २का उम्मेदवार तथा निवर्तमान उपसभामुख इन्दिरा राना मगरसँग भेट गरी निर्वाचनका विषयमा छलफल गरेका छन्। दमकमा उम्मेदवारी दर्ता

*(बाँकी अन्तिम पृष्ठमा)*

## पाँच उम्मेदवारविरुद्ध उजुरी

**काठमाडौँ, माघ ७।** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन अन्तर्गत मङ्गलबार १६५ वटै निर्वाचन क्षेत्रमा मनोनयनपत्र दर्ता गरेका तीन हजार ४ सय ८६ उम्मेद्वारमध्ये पाँच उम्मेदवारविरुद्ध मात्र उजुरी दर्ता भएको छ।

देशभरका १६५ वटै निर्वाचन क्षेत्रस्थित निर्वाचन अधिकृतको कार्यालयमा बुधवार बिहान १० बजेदेखि दिउँसो तीन बजेसम्म पाँच वटा उजुरी दर्ता भएको निर्वाचन आयोगका सहायक प्रवक्ता कूलबहादुर जीसीले जानकारी दिए। बुधवार बिहान १० बजेदेखि दिउँसो ३ बजेसम्म मनोनयन-पत्र दर्ता भएका उम्मेदवारको योग्यता पुगेको छैन भने त्यसको बिरोधमा उजुरी दिने अवधि निर्धारण गरिएको थियो। सम्बन्धित क्षेत्रको निर्वाचन अधिकृतसमक्ष

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोशीः ५०४ जनाको मनोनयन दर्ता

**मोरङ, माघ ७।** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्यका लागि कोशी प्रदेशमा ५०४ जनाको उम्मेदवारी परेको छ। प्रदेशमा प्रतिनिधिसभाका २८ निर्वाचन क्षेत्रमा सो सङ्ख्याको उम्मेदवारी परेको हो। प्रदेश निर्वाचन कार्यालयका अनुशार सबैभन्दा बढी सुनसरी ४मा ३४ जनाले उम्मेदवारी दर्ता गराएका छन्।

यसैगरी छ वटा निर्वाचन क्षेत्र रहेको मोरङमा ११८ जनाले उम्मेदवारी दर्ता गरेका छन्। मोरङ १मा १८, २ मा १७, ३ मा २१, ४मा २०, ५मा २२ र ६मा २० जनाको उम्मेदवारी परेको छ। यस्तै पाँच वटा निर्वाचन क्षेत्र रहेको झापामा ९० जनाले उम्मेदवारी दर्ता गराएका छन्। क्षेत्र नं. १मा १५, २ मा १८, ३ मा १७, ४ मा १६ र ५ मा २४ जनाले उम्मेदवारी दर्ता गरेका छन्।

सुनसरी जिल्लाको चार वटा निर्वाचन क्षेत्रमा १०९ जनाले उम्मेदवारी दर्ता गरेका छन्। क्षेत्र नं १ मा २५, २ मा २८, ३मा २२ र ४मा ३४ जनाले उम्मेदवारी दिएका छन्। यसैगरी दुई/दुई निर्वाचन क्षेत्र रहेको उदयपुरमा ३१ र इलाममा २७ जनाको उम्मेदवारी परेको छ। उदयपुर क्षेत्र नं. १मा १८ र २ मा १३, इलाम क्षेत्र नं. १मा १३ र २ मा १४ जनाले उम्मेदवारी दिएको प्रदेश निर्वाचन कार्यालय

*(बाँकी अन्तिम पृष्ठमा)*

## सामाजिक सञ्जाल नियमन गर्न 'साइबर प्रहरी' परिचालन

**काठमाडौँ, माघ ७।** प्रतिनिधिसभा सदस्य निर्वाचनमा सामाजिक सञ्जालबाट हुनसक्ने दुष्प्रचार रोक्न सरकारले 'साइबर प्रहरी' परिचालन गर्ने भएको छ।

फागुन २१मा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनमा एकअर्का उम्मेदवारहरूबिरुद्ध दुष्प्रचार हुनसक्ने आँकलन गर्दै त्यसलाई नियमन गर्न साइबर प्रहरी परिचालन गर्ने निर्णय गरिएको गृहमन्त्रालयका प्रवक्ता (सहसचिव) आनन्द काफ्लेले जानकारी दिए।

त्यसका लागि गृह मन्त्रालयले प्रहरीको साइबर ब्युरोलाई क्रियाशील बनाएको छ। भोटाहिटीस्थित साइबर ब्युरोमा नियमन डेस्क खडा गरेर सामाजिक सञ्जाल निगरानी शुरु गरिएको छ। निर्वाचन आयोगले पनि सामाजिक सञ्जाल मनिटर गर्न सफ्टवेयर बनाइरहेको छ। निगरानी गर्दा कसैले गलत र दुष्प्रचारजन्य सामग्री प्रशारण तथा प्रकाशन गरेको भेटिए जिल्ला प्रहरी कार्यालयहरूलाई पक्राउ गर्न निर्देशन दिइएको छ।

गृहमन्त्री ओमप्रकाश अर्यालले डिपफेक कन्ट्रोल गर्न टेलिफोन सेवा प्रदायक कम्पनी र इन्टरनेट सेवा प्रदायक कम्पनीहरूसँग समन्वय गरिएको बताए। उनले भने- 'निर्वाचन अवधिमा कसैले

*(बाँकी अन्तिम पृष्ठमा)*

## करेसाबारीमा महिलाको शव फेला

**झापा, माघ ७।** बाह्रदशी गाउँपालिका-५ बुधबारे बस्ने चन्द्र योङ्हाङकी ६० वर्षीया श्रीमती बुद्धमाया योङ्हाङ आफ्नै घर नजिकैको करेसाबारीमा मृत अवस्थामा फेला परेकी छन्।

जिल्ला प्रहरी कार्यालयका अनुसार बुद्धमाया आफ्नै घर छेउको करेसाबारीमा मृत अवस्थामा रहेको सूचना प्राप्त भएपछि इलाका प्रहरी चौकी फूलवारीबाट प्रहरी नायव निरीक्षक श्रवण राजवंशीको टोली तत्काल घटनास्थल पुगेको थियो। प्रहरी टोलीले घटनास्थल सुरक्षित राखी प्रारम्भिक अनुसन्धान शुरु गरेको छ।

घटनाको थप अनुसन्धान तथा कानूनी प्रक्रिया अघि बढाउन इलाका प्रहरी कार्यालय अनारमनीबाट प्रहरी निरीक्षक प्रवीण श्रेष्ठको कमाण्डमा एसओसीओसहित पाँच जनाको विशेष टोली समेत खटाइएको प्रहरीले

*(बाँकी अन्तिम पृष्ठमा)*

## नागरिकता किर्ते अभियोगका थुनुवा सप्तरी पठाइए

**झापा, माघ ७।** नागरिकता किर्ते कसुरमा पक्राउ परेका बिर्तामोड-३ निवासी रमेश यादवलाई थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय सप्तरी पठाइएको छ।

जिल्ला प्रहरी कार्यालय झापाका अनुसार गतमाघ ४ गते बिर्तामोड नगरपालिका-३ बस्ने शिवशंकर यादवका ३० वर्षीय छोरा रमेश यादवलाई नागरिकता किर्ते अभियोगमा नियन्त्रणमा लिइएको थियो। प्रारम्भिक अनुसन्धानपछि उनलाई थप कारबाहीका लागि मंगलवार सप्तरी पठाइएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार जिल्ला प्रहरी कार्यालय झापामा कार्यरत प्रहरी हवल्दार वीरेन्द्रकुमार मण्डलले मे१ख २१५६ नम्बरको भद्रपुर-जनकपुर चल्ने मातृभाग्यरेखा बसमार्फत रमेश यादवलाई जिल्ला प्रहरी कार्यालय सप्तरी लगेका थिए। साँझ ६ बजे रमेश यादवलाई सकुशल जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुझाइसकेको झापा प्रहरीले जनाएको छ। प्रहरीका अनुसार नागरिकता किर्ते कसुरसम्बन्धी मुद्दामा थप अनुसन्धान अब सप्तरी प्रहरीको समन्वयमा अघि बढाइनेछ।

## गायत्री मन्दिरको प्रथम वार्षिकोत्सव माघ ९गते



**झापा, माघ ७।** बिर्तामोड-५स्थित गायत्री माता मन्दिरको प्रथम वार्षिकोत्सव माघ ९ गते मनाइने भएको छ।

वार्षिकोत्सवको अवसरमा मन्दिर स्थापना तथा निर्माणमा सहयोग पुऱ्याउने दाताहरूलाई सम्मान गरिनेछ भने विशेष पूजा-अनुष्ठान, धार्मिक प्रवचन र सांस्कृतिक कार्यक्रम आयोजना गरिने मन्दिर व्यवस्थापन समितिले जनाएको छ।

वुधवार मन्दिर परिसरमा पत्रकार सम्मेलनको आयोजना गर्दै बार्षिकोत्सवका समयमा गरिने कार्यक्रमका बारेमा समेत जानकारी गराइएको छ। मन्दिर निर्माण समितिका संयोजक तथा संरक्षक रोनक बंशलको अध्यक्षतामा भएको कार्यक्रममा मन्दिर संरक्षक समितिका सदस्य भेषराज भण्डारी प्रशान्तले माघ ९ गते हुने कार्यक्रमका विषयमा जानकारी गराएका थिए।

वार्षिकोत्सवमा ९ गते साँझ ६ बजेदेखि प्रशिद्ध भजन गायक राजु अधिकारी, रोशन अधिकारी र गुञ्जन दाहालसहितको टोलीले संगीतमय भजन प्रस्तुत गर्ने कार्यक्रम रहेको छ। साथै, भव्य श्रृंगारसहित महाप्रसाद वितरण गरिने जनाइएको छ।

त्यस्तै मन्दिर निर्माणमा सहयोग पुऱ्याउने स्थानीय सरकार, प्रदेश सरकार सहित ७५ जना दातालाई सम्मान गरिने मन्दिरका संरक्षक बंशलले जानकारी दिए।

पूर्व नेपालमै पहिलोपटक करिब अढाइ

*(बाँकी अन्तिम पृष्ठमा)*

# 'शिक्षामा सुधार बिना समृद्धि असम्भव'

**झापा, माघ ७।** नेपाली कांग्रेसका कोशी प्रदेश सभापति तथा पूर्वमुख्यमन्त्री उद्धव थापाले शिक्षा क्षेत्रको आमूल सुधार नगरी देश विकास सम्भव नहुने बताएका छन्।

राजनीतिक प्रणाली पञ्चायतदेखि गणतन्त्रसम्म आइपुगे पनि शिक्षा नीति भने दशकौं अघिकै ढाँचामा अड्किएकाले मुलुकले अपेक्षित प्रगति गर्न नसकेको उनको भनाइ छ।

बिर्तामोड-१०स्थित महेन्द्र ज्योति माध्यमिक विद्यालयमा आयोजित विद्यार्थीलाई न्यानो कपडा वितरण कार्यक्रमलाई सम्बोधन गर्दै थापाले २०२८ सालको शिक्षा नीतिलाई टेकेर आज पनि शिक्षा प्रणाली अघि बढिरहेको उल्लेख गरे। 'मुलुकमा पञ्चायत गयो, प्रजातन्त्र आयो, गणतन्त्र आयो, तर शिक्षा क्षेत्रमा सार्थक परिवर्तन आउन सकेन'- उनले भने- 'यसैले हाम्रो शिक्षा क्षेत्रको अवस्था कस्तो छ भन्ने सहजै अनुमान गर्न सकिन्छ।'



थापाले शिक्षा बिना चौतर्फी विकास र समृद्धि सम्भव नहुने स्पष्ट पार्दै देश विकासको मेरुदण्ड नै शिक्षा भएको बताए। तर, राज्यले बजेट निर्माणका क्रममा शिक्षा क्षेत्रलाई सँधै ओझेलमा पार्दै आएको उनको आरोप छ।

'भौतिक विकास बाहेकको विकासलाई हामी विकास नै ठान्दैनौं'- उनले भने- 'नीति निर्माण गर्दा पहिलो प्राथमिकता सधैं भौतिक पूर्वाधार हुन्छ, शिक्षा दोस्रो वा तेस्रो पंक्तिमा धकेलिन्छ। यही कारण शिक्षा क्षेत्र सँधै उपेक्षित रहँदै आएको छ।'

उनले शिक्षा क्षेत्रको विकासका लागि राज्यका कुनै तह र निकायले गम्भीर खोजी नगरेको बताए। असल नागरिक उत्पादन गर्न सक्ने शिक्षा नीति नआएसम्म देशले परिकल्पना गरे अनुसारको समृद्धि हासिल गर्न नसक्ने उनको निष्कर्ष थियो। 'अब बन्ने सरकारले शिक्षालाई पहिलो प्राथमिकतामा राख्नुपर्छ'- थापाले भने- 'नयाँ शिक्षा नीति ल्याएर सक्षम, नैतिक र जिम्मेवार नागरिक उत्पादन गर्न सक्ने वातावरण तयार गर्नुपर्छ।'

बिर्तामोड उद्योग वाणिज्य संघ अन्तर्गत महिला उद्यमी समूहले बालवालिकालाई लक्षित गर्दै स्वेटर बितरण गरेको थियो।

महेन्द्र ज्योति माध्यमिक विद्यालयका व्यवस्थापन समिति अध्यक्ष समेत रहेका बिर्तामोड १०का वडाध्यक्ष दूर्योधन गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा महिला उद्यमी समूहकी अध्यक्ष राधिका चुडाल हुमागाँईले सोही विद्यालयका पूर्व बिद्यार्थी अमर रिसालले आफ्नी श्रीमती अनिता लकाई (हाल अष्ट्रेलिया) को जन्मदिनको अवसरमा प्रदान गरेको रकमबाट २२२ बिद्यार्थीलाई न्यानो कपडा बितरण गरिएको बताएकी छन्।

सो समारोहमा नेपाल पत्रकार महासंघ झापाका पूर्व सभापति तथा नेपाली कांग्रेस झापाका सचिव

*(बाँकी अन्तिम पृष्ठमा)*

BIRTAMODE EYE HOSPITAL

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित

उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

CONTACT :

Birtamode Eye Hospital

CHARPANE, JHAPA, MECHI, NEPAL

PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com I

Web: birtamodeeyehospital.org

# प्रतिस्पर्धामा ३४% स्वतन्त्र उम्मेदवार

**काठमाडौं, माघ ७।** आसन्न प्रतिनिधिसभा चुनावका लागि प्रत्यक्ष निर्वाचन प्रणालीतर्फ उम्मेदवारी दिएकामध्ये स्वतन्त्र उम्मेदवारको संख्या एकतिहाइ रहेको निर्वाचन आयोगले जनाएको छ ।

आयोगका अनुसार देशभरि कूल ३,४८६ जनाले उम्मेदवारी दिँदा झन्डै १,२०० जनाभन्दा बढी व्यक्ति स्वतन्त्र उम्मेदवार बनेका छन् ।

स्वतन्त्र उम्मेदवारी दिनेहरूमा आफैंलाई भोट नहाल्न अपील गर्नेदेखि दलबाट टिकट नपाएपछि 'बागी' बनेका व्यक्तिसम्म छन् । निर्वाचन गराउन गठित अन्तरिम सरकारका शिक्षामन्त्री महावीर पुन पनि राजीनामा दिएर गृहजिल्लामा उम्मेदवार बनेका छन् । फागुन २१ गतेका लागि तय भएको संसदीय निर्वाचनका लागि उम्मेदवार उठाएका राजनीतिक दलहरूको संख्या ६८ वटा रहेको निर्वाचन आयोगले जनाएको छ ।

निर्वाचनमा उम्मेदवार बन्न १०,००० रुपैयाँ जमानत राख्नुपर्छ । तर, विगतका निर्वाचनहरूमा निकै न्यून संख्यामा मात्र स्वतन्त्र उम्मेदवारहरू विजयी भएका छन् भने अधिकांशको जमानत नै जफत भएको देखिन्छ । अधिकांश उम्मेवारहरू जित्नका लागि भन्दा पनि भिन्न कारण वा उद्देश्यले चुनावमा सहभागी हुने गरेको बताइन्छ । केही विज्ञहरूले त्यस्ता कारणमा पार्टी वा पार्टीले उठाएका आधिकारिक उम्मेदवारसँगको असन्तुष्टिदेखि च्याँखे थाप्ने प्रवृत्तिसम्म पर्ने औंल्याएका छन् ।

**थरी-थरीका उम्मेदवार**

ललितपुर-३ बाट उम्मेदवारी दिएका राधेश्याम खड्काले उनी स्वयम्लाई मत नहाल्न मतदातालाई अपील गरेका छन् । स्वतन्त्रबाट जित्न गाह्रै छ । राम्रा उम्मेदवार मतदाता आफैंले छान्नून् भनेर मैले मलाई नै भोट नहाल्नूस् भनेको हुँ- उनले भने । राजनीतिक दलका नेताहरू पार्टीभन्दा माथि उठ्न सक्दैनन् । स्वतन्त्र विचारले मात्र देश बन्न सक्छ । यो सन्देश पुऱ्याउनका लागि मैले उम्मेदवारी दिएको हुँ ।

काठमाडौं उपत्यकाकै कुरा गर्ने हो भने काठमाडौं-४बाट ८७ वर्षीय पूर्वप्रशासक मदनदेव आचार्यले उम्मेदवारी दिएका छन् । मनोनयन दर्ता गराएपछि पत्रकारहरूसँग कुरा गर्दै उनले भ्रष्टाचार नियन्त्रण तथा सुशासनका लागि आफूले उम्मेदवारी दिएको बताए ।

अघिल्ला चुनावमा जस्तै स्वतन्त्र उम्मेदवारी दिनेहरूमा पार्टीबाट विद्रोह गर्नेहरू पनि रहेका छन् । मधेश प्रदेशको पर्सा-२मा नेपाली कांग्रेसको तर्फबाट टिकटका आकांक्षी रहेका राजेश्वरप्रसाद साहले त्यसो नभएपछि अन्ततः स्वतन्त्र उम्मेदवारी दिए ।

पुस्तान्तरण र हस्तान्तरणमा जोड दिँदै आएका कांग्रेसका पूर्वमहामन्त्री गगन थापा विशेष महाधिवेशनबाट सभापति चुनिए पश्चात् पनि पुरानै व्यक्तिलाई टिकट दिइएपछि साहले विद्रोह गरेको सुनाए । परिवर्तनको कुरा गर्ने तर समय आएपछि तिनै व्यक्तिलाई टिकट दिएपछि युवाले कहिले अवसर पाउने ? उनले भने । मैले आफ्नो लागि उम्मेदवारी दिएको होइन, युवाहरूका लागि दिएको हुँ । परिवर्तनका लागि मैले उम्मेदवारी दिएको हुँ । कसैको दबावमा आएर अथवा कुनै खालको पूर्वाग्रह राखी कसैविरुद्ध उम्मेदवारी नदिएको उनको तर्क छ । कांग्रेसले पर्सा-२ बाट फेरि पनि भूतपूर्व कानूनमन्त्री अजयकुमार चौरसियालाई उम्मेदवार बनाएको छ ।

**'छद्म उम्मेदवार'**

एक भूतपूर्व प्रमुख निर्वाचन आयुक्त र राजनीतिक विश्लेषकले उल्लेख्य संख्यामा स्वतन्त्र उम्मेदवारी देखिनुका तीन-चारवटा कारण रहेको बताएका छन् ।

छद्म उम्मेदवारहरूले पनि स्वतन्त्र उम्मेदवारीको संख्या बढाउनमा भूमिका खेलेको पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल बताउँछन् । प्रोक्सी उम्मेदवार उठाउने अनि चुनावी प्रचारप्रसारका लागि त्यस्ता स्वतन्त्र उम्मेदवारले पाउने सुविधा दलका उम्मेदवारले प्रयोग गर्ने प्रवृत्ति पनि देखिन्छ- उनले भने ।

पोखरेलका अनुसार आफूलाई फाइदा पुग्ने गरी दलकै कतिपय उम्मेदवारले नै स्वतन्त्रका नाममा त्यसरी छद्म उम्मेदवार उठाउने गरेका पाइन्छ । त्यसबाहेक केही उम्मेदवारहरूले आफ्ना बलिया प्रतिस्पर्धीको भोट काट्न सक्ने व्यक्तिलाई चुनाव उठ्न लगाउने र अन्ततः मतपरिणाममा त्यसको लाभ आफूले पाउने स्थिति सिर्जना गर्ने गरेको पनि बताइन्छ ।

## शिक्षामा ...

कृष्ण हुमागाँईसहितका व्यक्तित्वहरुले विद्यालयको अवस्थाको विषयमा चासो राख्दै आगामी दिनमा थप सहयोग गर्ने प्रतिवद्धता जनाएका थिए । विद्यालयका प्रधानाध्यापक जयकुमार झाले शैक्षिक र विद्यार्थीको अवस्थाका वारेमा जानकारी गराएको कार्यक्रमको सञ्चालन वीरेन्द्र कडरियाले गरेका थिए ।

## फर्मलाई ...

थियो । विभिन्न फर्ममा अनुमगन तथा निरीक्षण गरी विभागले सुधारात्मक निर्देशन दिएको छ ।

विभागले नियमित रुपमा बजार अनुमगन गर्दै कानून कार्यान्वयन गर्दै आएको छ । विभागले स्थानीय प्रशासन तथा उपभोक्ता अधिकारकर्मीको सहभागितामा अनुमगन गरिएको प्रष्ट पारेको छ ।

## झापा-५मा ...

गराएपछि साँझ बिर्तामोड आएका बालेनले बुधवार बिहान राना मगरसँग भेट गर्दै चुनावी रणनीति, संगठन विस्तार र क्षेत्रगत समन्वयका विषयमा कुराकानी गरेका हुन् । भेटमा राना मगरको चुनावी अभियानलाई प्रभावकारी बनाउन सहकार्य गर्ने विषयमा छलफल भएको एक जना सहयोगीले बताएका छन् । उनका अनुसार राना मगरलाई सहयोग गर्न बालेनसहितको टोली झापा आएको हो । पार्टीभित्र उम्मेदवारहरूबीच समन्वय बढाउँदै साझा रणनीतिमा अघि बढ्ने उद्देश्यले यो भेटलाई अर्थपूर्ण रूपमा हेरिएको छ ।

बालेनले झापामा निर्वाचनको माहौल बनाउन पार्टी कार्यकर्तासँगै आफ्ना शुभेच्छुक र समर्थकहरूसँग भेटघाटलाई तीव्र पारेका छन् । पेशाले इन्जिनियर रहेका उनलाई झापाका इन्जिनियर समुदायले समेत सहयोग गर्ने तयारी गरेका छन् । आगामी दिनमा उनी झापा-५का विभिन्न स्थानमा मतदाता भेटघाट र संगठनात्मक कार्यक्रमलाई निरन्तरता दिने तयारीमा छन् ।

## गायत्री ...

करोड रुपैयाँको लागतमा निर्माण सम्पन्न गरिएको यस मन्दिरले छोटो समयमै आस्थाको केन्द्रका रूपमा परिचय बनाएको छ । मन्दिर सञ्चालनको पहिलो वर्षमै दुई लाखभन्दा बढी भक्तजनले दर्शन गरिसकेको व्यवस्थापन समितिको दाबी छ । अर्जुनधारा जलेश्वर धामपछि पूर्वकै बढी भक्तजन आउने धार्मिकस्थलका रूपमा श्री गायत्री माता मन्दिर परिचित बन्दै गएको छ ।

२०८० साल जेठ १७ गते निर्माण शुरु भई २०८१ साल माघ २१ गते विधिपूर्वक प्राण-प्रतिष्ठा गरी मन्दिर सञ्चालनमा आएको थियो । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीबाट प्राण-प्रतिष्ठा सम्पन्न गरिएको उक्त कार्यक्रममा विघटित प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले पाँच दिने अनुष्ठानको उद्घाटन गरेका थिए । जगतगुरु अनन्त श्री विभूषित बालसन्त मोहनशरण देवाचार्य महाराजबाट विशेष प्रवचन गरिएको थियो ।

गतवर्ष गायत्री जयन्तीका अवसरमा नगर परिक्रमा, धार्मिकसभा र सन्ध्या आरतीसहित विशेष कार्यक्रम आयोजना गरिएको थियो, जसमा बटुक, स्काउट, विभिन्न संघ-संस्था तथा भक्तजनको उल्लेख्य सहभागिता रहेको थियो ।

मन्दिर निर्माण सम्पन्नसँगै ३१ सदस्यीय व्यवस्थापन समिति र ३१ सदस्यीय सल्लाहकार समिति गठन गरिएको छ । निर्माण समितिका संयोजक रोनक वंशलको अध्यक्षतामा गठित व्यवस्थापन समितिमा विवेक अग्रवाल संयोजक, सुजित अग्रवाल सह-संयोजक, मनोज बजाज सचिव र राजेश अग्रवाल कोषाध्यक्ष रहेका छन् ।

मन्दिर व्यवस्थापन समितिले धार्मिक आस्था मजबुत बनाउँदै धार्मिक पर्यटन प्रवर्द्धनमा योगदान पुऱ्याउने लक्ष्य लिएको जनाएको छ । मन्दिरका सल्लाहकार समेत रहेका मेघराज बाँस्तोलासहितको उपस्थितिमा आयोजना गरिएको पत्रकार सम्मेलनको सञ्चालन पत्रकार स्वस्तिका आचार्यले गरेकी थिइन् ।

## सामाजिक ...

सामाजिक सञ्जालमा कसुरजन्य सामग्री प्रकाशन, प्रशारण गरेमा कानूनी कारबाही हुन्छ ।'

गृहमन्त्रालयले साइबर प्रहरीको डेस्क जिल्ला प्रहरी कार्यालयमा बिस्तार गर्न प्रहरी प्रधान कार्यालयलाई भनेको छ ।

## कोशी ...

विराटनगरले जनाएको छ । एक/एक निर्वाचन क्षेत्र रहेका ताप्लेजुङमा १३, पाँचथरमा १५, संखुवासभामा १३, तेह्रथुममा १२, भोजपुरमा १२, धनकुटामा १८, सोलुखुम्बूमा १२, खोटाङ १५ र ओखलढुङ्गामा १६ जनाले उम्मेदवारी दिएको आयोगले जनाएको छ ।

## डेढ अर्ब ...

त्यसैगरी यो अवधिमा रु. २३ अर्ब २९ करोड ८३ लाख २२ हजारको स्मार्टफोन, रु. ५७ अर्ब ४३ करोड ६२ लाख २० हजार बराबरको अप्रशोधित सोयाविन तेल, रु. १४ अर्ब चार करोड ९३ लाख बराबरको फलामजन्य वस्तु आयात भएको छ । वस्तु आयातबाट संकलित यो अवधिको भन्सार राजश्व रु. दुई खर्ब ३८ अर्ब ५३ करोड ५४ लाख १३ हजार बराबर छ ।

त्यस्तै, नेपालले बढी निर्यात गरेका वस्तुमा सोयाविन तेल मात्रै रु. ५६ अर्ब आठ करोड २४ लाख २६ हजार रहेको छ भने रु. सात अर्ब १९ करोड ९५ लाखको अलैंची, रु. चार अर्ब ७८ करोड ४४ लाखको सूर्यमुखी तेल, रु. तीन अर्ब ११ करोडको कार्पेटलगायत छन् ।

## करेसाबारीमा ...

जनाएको छ । मृतकका माइती पक्षलाई पनि घटनाबारे जानकारी गराइसकिएको छ ।

स्थानीयका अनुसार बुद्धमाया योङ्हाङले अत्यधिक मादक पदार्थ सेवन गर्ने गरेको प्रहरीले उल्लेख गरेको छ । प्रहरीले मृतकको शव पोष्टमार्टमका लागि बुधवार विहान प्रादेशिक अस्पताल भद्रपुर पठाएको जनाएको छ । घटनाको वास्तविक कारण खुल्न बाँकी रहेको र थप अनुसन्धान जारी रहेको प्रहरीले जानकारी दिएको छ ।

## पाँच ...

प्रतिनिधिसभा निर्वाचन निर्देशिका-२०८२को अनुसूची १६ बमोजिम उजुरी दर्ता भएको हो । उजुरीमा निर्वाचन अधिकृतले निर्देशिकाको अनुसूची १७ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसूची १८ बमोजिमको भरपाइ सम्बन्धित उजुरी कर्तालाई दिएको जनाइएको छ ।

निर्वाचन कार्यक्रम बमोजिम निर्वाचन अधिकृतले उम्मेदवारको विरोधमा उजुरी गर्ने म्याद समाप्त भएपछि म्यादभित्र दर्ता हुन आएका उजुरीको विवरण अनुसूची १९ बमोजिम तयार गरी कार्यालयमा प्रकाशनसमेत गरेका छन् । यसरी प्रकाशन गरिने सूचनामा जसकाविरुद्ध उजुरी परेको हो, सो पक्षले सूचनामा तोकिएको अवधिमा प्रमाणसहित उपस्थित हुनुपर्नेछ । यसरी सूचना प्रकाशन भएपछि सम्बन्धित उम्मेदवारले सोको सूचना पाएको मानिने व्यवस्था छ ।

विहीवार दिउँसो ३ बजेदेखि माघ ८ गते बेलुका ५ बजेसम्म मनोनयन-पत्र र उजुरी उपर जाँचबुझ एवम् निर्णय गरिने उनले बताए । माघ ८ गते बेलुकी ५ बजेदेखि ७ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन गरिनेछ । माघ ९ गते बिहान १० बजेदेखि दिउँसो १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिने समय तोकिएको छ ।

माघ ९ गते दिउँसो १ बजेदेखि ३ बजेसम्ममा उम्मेदवारको अन्तिम नामावली प्रकाशन गरिनेछ । त्यसै दिन दिउँसो ४ बजेदेखि साँझ ७ बजेसम्ममा उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने कार्यक्रम रहेको जनाइएको छ । आयोगमा अहिलेसम्म प्राप्त जानकारी अनुसार पुरुष ३०८९, महिला ३ सय ९६ र तेस्रो लिङ्गी एक गरी ३४८६को उम्मेदवारी दर्ता भएको छ ।


PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

केन्द्रीय कार्यालयः कमलपोखरी, काठमाण्डौ
फोन नं.: ०१-४५२३४३२/३४/३६

शाखा कार्यालयः विर्तामोड, झापा
फोन नं. ०२३-५३५०३१, ५३४३५०

को

**शाखा कार्यालय विर्तामोड, झापाको तपसिलमा उल्लेखित ऋणीको धितोमा रहेको सम्पत्तिको लिलाम बिक्री हुने सम्बन्धी १५ (पन्ध्र) दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८२/१०/०८ गते)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकको शाखा कार्यालय विर्तामोड, झापाबाट लिनु भएको ऋण कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएको, बैंकले तपसिलका ऋणी र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित सूचनाहरू पठाई तरताकेता गर्दा समेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज, किस्ता र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको र यस अघि सम्पूर्ण कर्जा चुक्ता गर्न यस बैंकबाट ३५ (पैंतीस) दिने सार्वजनिक सूचना विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशित गरि तरताकेता गर्दा समेत कर्जा नतिरी नबुझाई बेवास्ता गरी बसेको हुनाले कर्जा असुलीका लागि तपसिलमा उल्लेखित धितो जहाँ जे, जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरि लिने भएकाले धितोमा रहेको सम्पतिको लिलाम बिक्री हुने सम्बन्धी यो १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । साथै, धितो सुरक्षणमा रहेको सम्पतिहरुको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाईने तथा सम्बन्धीत सबैलाई कर्जा सूचना केन्द्रको कालो सूचीमा नाम समावेश गर्न पठाईने ब्यहोरासमेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

**ऋणीको विवरण**

धनपति संग्रौलाको नाति, यमनाथ संग्रौलाको छोरा, झापा जिल्ला, दमक गा.वि.स./उ.म.न.पा. वडा नं. १३ स्थित स्थायी ठेगाना भएको अन्जनी संग्रौला (ना.प्र.नं. २३७०, झापा)

**व्यक्तिगत जमानतकर्ताको विवरण**

यमनाथ संग्रौलाको बुहारी, अन्जनी संग्रौलाको पत्नी, झापा जिल्ला, सुरुङ्गा गा.वि.स./न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको मेलिसा ओली (ना.प्र.नं. ९१५२२५५५, झापा)

**धितोमा रहेको सम्पतिको विवरण**

१. अन्जनी संग्रौलाको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. १९ को क्षेत्रफल १००.०० (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
२. मेलिसा ओलीको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स./न.पा. वडा नं. ६ स्थित कित्ता नं. २० को क्षेत्रफल ३६०.०० (व.मि.) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
३. मेलिसा ओलीको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, धैलाडुब्बा गा.वि.स./न.पा. वडा नं. ९ स्थित कि.नं. ५४७ र ६१७ को क्रमशः क्षेत्रफल ०-१-७-० र ०-१-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।
४. मेलिसा ओलीको नाममा मालपोत कार्यालय भद्रपुर, झापाको लगतमा दर्ता श्रेस्ता कायम रहेको झापा जिल्ला, डांगीबारी गा.वि.स./न.पा. वडा नं. ७ स्थित कित्ता नं. १३२० र १३९१ को क्रमशः क्षेत्रफल ०-१२-१-० र ०-८-१-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**धितो लिलामी बिक्रीका शर्तहरू :**

१. बोलपत्र आवेदन फारम मिति २०८२/१०/०८ गते बिहिबारदेखि यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय विर्तामोड, झापाबाट प्राप्त गर्न सकिनेछ।
२. छुट्टाछुट्टै धितोको लागि छुट्टाछुट्टै आवेदन पनि दिन सकिनेछ ।
३. बोलपत्रदाताले बोलपत्र आवेदनपत्रसाथ धरौटी स्वरुप आफूले खरिद गर्न चाहेको सम्पूर्ण रकमको कम्तीमा १० (दश) प्रतिशतले हुने रकम यस बैंकको Inter Department A/C LRD (००१-९९३१०२००००) खातामा नगद दाखिला गरेको सक्कल भौचर वा यस बैंकको नाममा खिचिएको बैंक, वितीय संस्थाको A/C Payee Cheque संलग्न गर्नुपर्नेछ ।
४. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संगठित संस्था, फर्म कम्पनी हुनुपर्नेछ । साथै बोलपत्रदाता प्राकृतिक व्यक्ति भएमा पासपोर्ट साईजको फोटो, नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, संगठित संस्था/कम्पनी/फर्म भएमा अख्तियारनामा, सञ्चालक समितिको निर्णय, दर्ता प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि आवेदनसाथ पेश गर्नु पर्नेछ ।
५. शिलबन्दी बोलपत्र मिति २०८२/१०/२२ गते बिहिबार कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालय विर्तामोड, झापामा दर्ता भईसक्नु पर्नेछ । म्याद नाधि आएका वा रीत नपुगेका वा शर्त राखि दिएका आवेदनहरु उपर कारवाही गरिने छैन ।
६. शिलबन्दी बोलपत्र मिति २०८२/१०/२३ गते शुक्रबार दिउँसो १:०० बजे यस बैंकको शाखा कार्यालय विर्तामोड, झापामा बोलपत्रदाता वा निजले लिखितरुपमा नियुक्त गरेको प्रतिनिधिहरु तथा अन्य पदाधिकारीहरुको रोहवरमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पर्ने छैन । साथै बोलपत्र खोलिने दिन आकस्मिक सार्वजनिक बिदा परेमा बिदापछि लगत्तै कार्यालय खुलेको दिनमा बोलपत्र खोलिनेछ ।
७. बोलपत्र प्रस्ताव स्वीकृत भएमा बाँकी रकम प्रस्ताव स्वीकृत भएको जानकारी दिएको मितिले ७ (सात) दिन भित्र यस बैंकमा नगद दाखिला गरी धितोमा रहेको सम्पति आफ्नो नाममा नामसारी दाखिल खारेज गराई लिनु पर्नेछ । सम्पति नामसारी गर्न लाग्ने सम्पूर्ण शुल्क एवं नामसारी दाखिल खारेज गर्न लाग्ने सम्पूर्ण राजश्व तथा अन्य खर्च र लाग्ने भए लाभकर समेत सकार गरिलिने स्वयंले ब्यहोर्नु पर्नेछ ।
८. तोकिएको समय भित्र बाँकी रकम दाखिला नभए वा गर्न नसकेमा धरौटी रकम स्वतः जफत हुनेछ । बोलपत्र स्वीकृत नभएमा प्रस्तावकहरूलाई बोलपत्र सम्बन्धी निर्णय भए पश्चात मात्र यस बैंकको शाखा कार्यालय विर्तामोड, झापाबाट भुक्तानी गरिनेछ । साथै सो रकममा कुनै ब्याज प्रदान गरिने छैन ।
९. धितो सम्पति बिक्री गर्ने वा नगर्ने वा बोलपत्रको अंकमा सम्पति बिक्री गर्ने वा नगर्ने वा छुट्टाछुट्टै बिक्री गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।
१०. यस सम्बन्धमा अन्य केही कुरा बुझ्नु पर्ने भएमा यस बैंकको केन्द्रीय कार्यालय कमलपोखरी, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा शाखा कार्यालय विर्तामोड, झापामा सम्पर्क राखी बुझ्न सकिनेछ ।

नोटः यो सूचना मिति २०८२/१०/०८ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरिएको छ ।



कोटेशन नं. ०३/२०८२/०८३

**गोप्य सिलबन्दी कोटेशन पेश गर्ने सम्बन्धी जरूरी सूचना**

**प्रकाशित मिति २०८२/१०/०८**

यस द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि., दमक-०५को सञ्चालक समितिको मिति २०८२/१०/०३ गतेको बैठकको निर्णय र मिति २०८२/१०/०७ गते स्थानीय वडाका जनप्रतिनिधिहरु सहितको प्रतिनिधि र यस सहकारी संस्थाका सञ्चालकहरुको उपस्थितिले गरेको पञ्चकृत धितो मूल्यांकनलाई आधार मानी धितो (जग्गा) लिलामको लागि गोप्य सिलबन्दी कोटेसन पेश गर्न सम्वन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरुः**

लिलाम हुने जगगाको बिवरणः

(१) श्री देवि प्रसाद कोइरालाको नाती चैतन्य प्रसाद कोइरालाको छोरा मेची अञ्चल झापा जिल्ला कमल गा.पा. वडा नं. ३ बस्ने (ना.प्र.नं. ३४१५/३४५, जारी जिल्ला झापा, जारी मिति २०४६/०२/२१) बासुदेव कोइरालाको नाममा मालपोत कार्यालय, भद्रपुर, झापामा दर्ता श्रेस्ता कायम रहेको चकचकी-७ सिट नं. ७(क) कि.नं. ४९०४ क्षेत्रफल १०१५.८९ ब.मी. उक्त जगगाको न्यूनतम् मूल्य शुरु अंक रु. २४,६०,०००/- (अक्षरेपी चौबीस लाख साठ्ठी हजार रुपैयाँ मात्र ।) हुनेछ ।

(२) सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र गोप्य शिलबन्दी पेश गरिसक्नुपर्नेछ ।

(३) गोप्य शिलबन्दी पेश गरी कबुल गरेको अंकको १० प्रतिशत रकम संस्थाको मार्जिन खातामा जम्मा गर्नुपर्नेछ । लिलाम सकार गर्ने व्यक्तिले स्वीकृति पाएको मितिले ७ दिन भित्र कबुल गरेको सम्पूर्ण रकम संस्थामा नबुझाएमा धरौटी रकम जफत हुनेछ ।

(४) गोप्य शिलबन्दी पेश गर्दा शर्त रहित केरमेट नभएको कार्यालयले उपलव्ध गराएको कोटेसन बमोजिम हुनेछ ।

(५) निर्धारित समयभित्र कोही कसैको कोटेसन नपरेको खण्डमा प्रचलित कानून बमोजिम संस्था स्वयम्ले सकार गर्ने वा पुन कोटेसन आव्हान गर्न सक्ने छ ।

(६) कुनै पनि कारण नजनाई कुनै वा सबै शिलबन्दी कोटेशन पुरै वा आंसिक रुपमा स्विकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार सञ्चालक समितिमा रहनेछ ।

द एभरेष्ट बचत तथा ऋण सहकारी संस्था लि.
The Everest Saving & Credit Co-opreative Ltd.
दमक-५, बेलडाँगी रोड, झापा
फोन नं. ०२३-५७५८५५



**मेचीनगर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

**घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना**

मेचीनगर नगरपालिका वडा नं. १२ बस्ने श्री उमादेवी कन्दङ्वाले निजको नाममा दर्ता रहेको साविक धाइजन-६ हाल मेचीनगर-१२ स्थित चारआली टोल ग्राभेल मार्गमा पर्ने कि.नं. ५९१८ क्षेत्रफल ०-०-१० जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम/उत्तर/दक्षिण तर्फका सँधियार श्री राम ओली, सावित्रा भट्टराई मिति २०८२/०३/२५ मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनुभएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदीनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक धाइजन-६<br>हाल मेचीनगर-१२<br>कि.नं. ५९१८<br>क्षेत्रफल ०-०-१० | लम्बाई १२८०४ मिटर<br>चौडाई ८०२७ मिटर<br>उचाई ९९०० मिटर<br>क्षेत्रफल २६६.६२ वर्ग मिटर | पूर्व श्री बाटो<br>पश्चिम श्री शर्मिला गुरुङ<br>उत्तर श्री राम ओली<br>दक्षिण श्री सावित्रा भट्टराई |



**मेचीनगर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

**घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना**

मेचीनगर नगरपालिका वडा नं. ६ बस्ने श्री सकुन्तला अधिकारी वडालले निजको नाममा दर्ता रहेको साविक नकलबन्दा-८ हाल मेचीनगर-६ स्थित काँकरभिट्टा टोल ग्राभेल मार्गमा पर्ने कि.नं. २५९५ क्षेत्रफल ०-१-० जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम/उत्तर/दक्षिण तर्फका सँधियार श्री रामबहादुर खत्री क्षेत्री मिति २०८२/१०/०४ मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनुभएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदीनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक नकलबन्दा-८<br>हाल मेचीनगर-६<br>कि.नं. २५९५<br>क्षेत्रफल ०-१-० | लम्बाई ११२८० मिटर<br>चौडाई ७६२० मिटर<br>उचाई ९९०० मिटर<br>क्षेत्रफल २१६.८५ वर्ग मिटर | पूर्व श्री दुर्गाप्रसाद दाहाल<br>पश्चिम श्री गीता अधिकारी<br>उत्तर श्री बाटो<br>दक्षिण श्री रामबहादुर खत्री क्षेत्री |



**भारतका प्रतिष्ठित अस्पतालबाट आउनुभएका विशेषज्ञ डाक्टरहरूको दैनिक सेवा अब बिर्तामोडमै**

**डा. प्रशिद्ध ढकाल**
MBBS, MD (PGI, Chandigarh), DM (AIIMS, New Delhi) Advanced Management of Diabetes (USA)
बरिष्ठ मधुमेह (सुगर), थाइरोइड, हर्मोन रोग विशेषज्ञ

**डा. बबिता शर्मा**
MBBS, MD (PGI, Chandigarh)
Ex-Scientist ICMR/AIIMS New Delhi
बरिष्ठ मानसिक रोग बिशेषज्ञ

**डा. विधान न्यौपाने**
Consultant Dermatologist
MBBS (T.U.), MD (K.U.)
छाला रोग विशेषज्ञ
दैनिक बिहान ९:00 बजेदेखि १0:00 बजेसम्म
दिउँसो २:00 बजेदेखि ५:00 बजेसम्म

**डा. रोहित पंजियार**
MBBS, MD (PGI, Chandigarh)
बरिष्ठ छाला, कपाल, सौन्दर्य, यौन, कुष्ठरोग बिशेषज्ञ
महिनाको अन्तिम शुक्रबार र शनिबार

**आर. आर. पोलिक्लिनिक**
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४, झापा
०२३-५९११७४, ९८२०४९११७४


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल

सम्पादकीय

## निर्वाचन सफल बनाऔं

**अनेक शंका–उपशंकाका बीच मुलुक निर्वाचनको चरणमा प्रवेश गरेको छ । मंगलबार देशभरका एक सय ६५ निर्वाचन क्षेत्रमा प्रतिनिधिसभा सदस्य बन्ने प्रयोजनका लागि सबै दल तथा स्वतन्त्रका तर्फबाट उम्मेदवारी दर्ता गरियो । आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि ठूलो संख्यामा उत्साहपूर्वक मनोनयन पत्र दर्ता भएपछि मुलुक निर्वाचनको महत्त्वपूर्ण चरणमा प्रवेश गरेको सिद्ध भयो । निर्वाचन आयोगको कार्य तालिका अनुसार मनोनयपछि निर्वाचन सम्बन्धी अन्य प्रक्रिया अब निरन्तर रुपमा अघि बढ्ने छ । झण्डै तीन हजार पाँच सय नेपाली नागरिकले निर्वाचनका लागि मनोनयन दर्ता गरेका कारण अबको कार्यक्रम पनि शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न हुने विश्वास बढेको छ ।**

**प्रजातान्त्रिक प्रणालीमा निर्वाचन नै एक त्यस्तो हतियार हो, जसले राज्य सञ्चालनका विभिन्न निकायलाई गतिशिल बनाउँछ । त्यसकै आधारमा मुलुक हाँक्ने सक्षम नेतृत्व चयन हुन्छ भन्ने मान्यतालाई संस्थागत गर्छ । आम मतदाताद्वारा सर्वाधिक रुचाइएको दल र तिनका प्रतिनिधि जनताबाट निर्वाचित हुने भएकाले उनीहरु जनता र देशप्रति उत्तरदायी हुन्छन् भन्ने सर्वमान्य पनि छ । त्यसको सफल कार्यान्वयन भने सचेत मतदाताको विवेकपूर्ण मतदानबाट मात्र सम्भव हुन्छ । त्यसैले मतदाताले कसैको झोला बोकेर होइन स्वतन्त्र, निर्भय र दवावमुक्त मतदान गर्नुपर्छ । यसले मात्र देश र देशबासीको भाग्य, भविष्य र परिणाम निर्दिष्ट गर्छ । त्यसको सफल कार्यान्वयनका लागि सरकार, निर्वाचन आयोग, राजनीतिक दल, नागरिक समाज लगायत आमजनताको पनि साझा जिम्मेवारी रहनु पर्दछ ।**

**हिजोसम्म निर्वाचन पैसा र शक्तिको बलमा जितिन्छ भन्ने गरिन्थ्यो । तर, आज समय र परिस्थिति बद्लिएको छ । त्यस्ता पात्रलाई दलले नै टिकट नदिएर निर्वाचनको स्वच्छताको रक्षा गर्नुपर्छ । कथम्कदाचित त्यस्ता शक्ति निर्वाचित भए भने सम्बद्ध दल, संसद र मूल जनतामा बद्नाम र क्षति गराउँछ । त्यसै पनि आसन्न निर्वाचन भदौ २३ को जेन–जी विद्रोहको जगमा हुन लागेको छ । आन्दोलनका बाहक युवा पुस्ताको माग सुशासन, भ्रष्टाचारमुक्त र समृद्ध नेपालको सपनासँग गाँसिएको छ । त्यसकारण पनि अबको निर्वाचनले आन्दोलनको मर्मलाई सम्बोधन गर्नुपर्छ । त्यसो हुन निर्वाचन स्वतन्त्र, निष्पक्ष, धाँधलीरहीत बनाउनुपर्छ ।**

**निर्वाचन स्वच्छ बनाउनकै लागि निर्वाचन आयोगले आचारसंहिता लागू गरिसकेको छ । त्यसको पालना गर्नु दल, उम्मेदवार तथा सम्बद्ध पक्षले अनिवार्य रुपमा गर्नुपर्छ । आचारसंहिताको उल्लंघन गर्ने जो कोही दण्डित हुनुपर्छ र निर्वाचनको गरिमाको रक्षा गर्नुपर्छ । मुलुक दुई दशकदेखि अस्थिरता, अराजकता र अव्यवस्थाको अँध्यारोमा हराएको छ । यसलाई हटाउने र वर्तमानको आवश्यकता पूरा गर्ने यो अभियानलाई पूर्णतः सफल बनाउनुपर्छ । राज्यका सम्पूर्ण संयन्त्र पनि यो महान् कार्यमा सहभागी भई निर्वाचनप्रतिको विश्वास कायम राखुन् ।**

# राष्ट्रिय एकताको साझा संकल्प



डा. मिलनकुमार थापा

राष्ट्रनिर्माता पृथ्वीनारायण शाहको दिव्योपदेशमा भनिएको छ- 'घुस दिने र घुस खाने दुबै देशका शत्रु हुन् ।' वास्तवमा राष्ट्रलाई बलियो बनाउने, राष्ट्रियताको प्रवर्द्धनसँगै आर्थिक समुन्नति र विकासमा आधारशिला निर्माणको नवीनतम् प्रस्थानविन्दु नै सुशासन हो। सुशासनको जगमा समुन्नत नेपाल निर्माण युगीन अभिभारा पूरा गर्न सकिन्छ। भ्रष्टाचारमुक्त राज्य संरचना, सुशासनयुक्त सार्वजनिक सेवा प्रवाह नै राष्ट्रलाई नवीन युगमा प्रवेश गराउने मन्त्र हो।

वैश्विक राजनीति, वैश्विक अर्थव्यवस्था र समग्र विश्वव्यवस्थाको प्रभाव नेपालमा परे पनि समुन्नति, समृद्धि र सुशासनको प्रभावकारी मौलिक विधि मार्फत देशलाई बस्न लायक बनाउन सकिन्छ। रेमिट्यान्सबाटै धानेको मुलुकको परिभाषा बदलेर रूपान्तरणको नयाँ युग आरम्भ गर्न सकिन्छ। देश र नागरिक पंक्तिलाई आर्थिकरूपमा सशक्त बनाएर स्वाभिमानी नेपालीका रूपमा विश्वमाझ बौद्धिक प्रतिस्पर्धामा उभ्याउन सकिन्छ। तर, यसका लागि देशका शत्रू अर्थात् भ्रष्ट प्रवृत्तिलाई समूल नष्ट गरेर पहिलो खुट्किलोबाटै सुशासनको यात्रा आरम्भ गर्नुपर्नेछ।

जेन-जी पुस्ताको भदौ २३ र २४ गतेको जनआन्दोलनपछि देश प्रतिनिधि सभा सदस्य निर्वाचनमा होमिएको छ। फागुन २१ गते निर्वाचनको मिति घोषणा गरेको सरकारसँगै निर्वाचन आयोग आन्तरिक तयारीमा जुटेका छन्। राजनीतिक दल पनि समानुपातिक सूची बुझाएपछि प्रत्यक्ष तर्फका उम्मेदवार तय गर्न संवादमा छन्। जनआन्दोलनको अगुवाइ गरेका जेन-जी अगुवा प्रतिनिधि सभालाई निष्पक्ष, भयरहित, स्वतन्त्र र रूपान्तरित बनाउन रचनात्मक विमर्शमा छन्। समग्रमा देशलाई नवीनतम् गति प्रदान गर्ने युगीन अभिभारा पूरा गर्ने दायित्वबोध गरी अग्रगामी यात्रामा निस्किएका छन्।

यही समयमा राजनीतिक दलभित्र रूपान्तरणको बहस पनि उठिरहेकै छ। जसरी बहस उठे पनि जस्ता तर्क-वितर्क भए पनि ती सबै बहसभन्दा माथि देश छ। देशलाई सर्वोपरि मानेर निर्वाचन सफल बनाउँदै रूपान्तरणको आधार तयार गर्नुछ। ढिलो-छिटो निर्वाचन हुनु नै थियो, हुन्छ, हुनुपर्छ। तर, निर्वाचनपछि प्रतिनिधि सभा कस्तो बन्छ ? नवीनतम् आयाम ल्याउन सक्छ कि सक्दैन ? देश स्थिरताको पथमा अगाडि बढ्छ कि बढ्दैन ? यी प्रश्नको जवाफ खोज्नु पर्छ। अनि निर्वाचनतर्फ एकाकार भएर अगाडि बढ्नु पर्छ।

**भूराजनीतिक सन्तुलनको शर्त**

नेपालको इतिहासभित्र भूराजनीतिक जटिलतासँग एउटा यस्तो शाश्वत सत्य र संवेदनशीलता लुकेको छ, जसलाई राष्ट्रनिर्माता पृथ्वीनारायण शाहले अढाई सय वर्षअघि नै 'दुई ढुङ्गाबीचको तरुल' भनेर परिभाषित गर्नुभएको थियो। अहिले विश्व राजनीतिमा विकसित शक्ति सन्तुलनको केन्द्र एसियातर्फ आउँदै गर्दा नेपालको भूराजनीतिक संवेदनशीलता झनै सघन र जटिल बनेको छ। त्यसैले असंलग्न परराष्ट्र नीतिको जगमा भूराजनीतिक सन्तुलनलाई अझै प्रभावकारी र दूरगामी बनाउनुपर्छ। नेपाल केबल दुई विशाल छिमेकी भारत र चीनका बीचमा मात्रै छैन। दुई देशको पुल मात्रै होइन।

नेपाल वैश्विक रूपमै शक्ति राष्ट्रहरूको रणनीतिक चासोको चौबाटोमा उभिएको छ। चीनको उदय र उसको 'बेल्ट एण्ड रोड इनिसिएटिभ' मार्फत हिमालय वारपार जोड्ने आकांक्षा छ। भारतको सुरक्षा चासो मात्रै छैन, ऐतिहासिक, धार्मिक, आर्थिक र सांस्कृतिक सम्बन्ध छ। यो सम्बन्ध निकै संवेदनशील छ। संयुक्त राज्य अमेरिका र पश्चिमा शक्ति पनि हाम्रा विकास साझेदार हुन्। कतिपय बहसमा अमेरिकाले 'इन्डो-



प्यासिफिक रणनीति' मार्फत सक्रियता बढाउँदा टकराव बढेको, नेपालको आन्तरिक राजनीति र बाह्य सम्बन्धमा कम्पन आउने जस्ता बहस पनि हुन्छ तर हामीले सबैसँग समदुरीको सम्बन्धका आधारमा सहकार्य गर्नु पर्छ र सबैसँग मित्रवत् र समदुरीको सम्बन्ध बनाउन सक्नु चुनौतीको कुरा पनि हो।

भूराजनीतिक टकराबमा पर्न सक्ने खतरा र नेपालले लिनुपर्ने बाटोका सन्दर्भमा विमर्श हुन जरुरी छ। किनभने यो विषय अहिले आएर उठान भएको होइन। पृथ्वीनारायण शाहले अहिलेको सङ्कटलाई २५० वर्षअगाडि नै बुझेको प्रतीत हुन्छ। दिव्य यो उपदेशले नै प्रमाणित गरेको छ। तत्कालीन राजाले दिएका सन्देश मात्रै होइन यो। नेपालका हरेक पुस्ताले हृदयङ्गम गर्नुपर्ने ज्ञानको सार पनि हो। भारत र चीनसँग मैत्री सम्बन्ध राख्ने, समान निकटता, कसैको पक्षधरता नदेखाउने जस्ता विषय अहिले पनि उत्तिकै तार्किक र मननीय छन्। निर्वाचनपछि प्रतिनिधि सभाले बृहत् बहसमार्फत राज्यलाई छिमेकी र सबै मित्रराष्ट्रबिच समान हैसियतको सम्बन्ध बनाएर देशलाई नवीनतम् आयाम ल्याउन सक्नु पर्छ। जेनजी आन्दोलनको जनादेश पनि यही हो। साथै देश स्थिरताको पथमा अगाडि बढाउनै पर्छ।

अर्कोतर्फ राष्ट्रनिर्माता शाहले स्वदेशी कपडा बुन्नु, विदेशीलाई देशको पुँजी नदिनु भन्ने भनाइसँग वर्तमानको व्यापार घाटा र परनिर्भरतालाई समाधान गर्ने रामवाण मन्त्र दिएको छ। अर्थतन्त्र बलियो बनाउने, राष्ट्रिय सुरक्षाका लागि भ्रष्टाचारमुक्त समाज अनिवार्य छ। त्यसैले भूराजनीतिक सन्तुलनलाई मिलाएर राष्ट्रिय एकताका लागि साझा सङ्कल्प गर्ने निर्णायक घडीमा हामी छौँ। यस्तो बेला आवेगमा होइन विवेकमा निर्णय गर्नु पर्छ। तर्कमा होइन तथ्यमा निर्णय गर्नु पर्छ। अनि मात्रै देशले निकास पाउँछ।

नेपाली जनताको सात दशकदेखिको समुन्नतिको असीम चाहना पूरा हुन्छ। यसका लागि राजनीतिक नेतृत्व र परिवर्तनका पक्षधर शक्ति एकै ठाउँमा उभिएर सङ्कल्प गर्नु पर्छ कि हामी नेपाल राष्ट्रलाई सुन्दर बनाउने छौँ। त्यो सङ्कल्प जनताले विश्वास गर्ने हुनु पर्छ। विश्वजगत्ले भरोसा गर्ने हुनु पर्छ। आर्थिक क्षेत्रले नयाँ अठोट लिने हुनु पर्छ। अनि मात्रै राष्ट्रिय सङ्कट निवारणको नयाँ आभा प्रस्फुटित हुनेछ। देशमा रूपान्तरणको युग आरम्भ हुन्छ।

**राष्ट्र र राष्ट्रिय एकता**

बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र बहुजातीय समाजमा सहअस्तित्व स्वीकार गर्दै एकताबद्ध भएर राष्ट्रका समस्या समाधान गर्नुपर्ने दायित्व पनि हामीसामु छ। राष्ट्रनिर्माण पृथ्वीनारायण शाहले भने झैँ 'चार जात ३६ वर्णको साझा फूलबारी' नेपालीलाई अझै परिस्कृत र सम्पन्न बनाउने अठोट लिनु पर्छ। राष्ट्रलाई बलियो बनाउने सूत्र नै राष्ट्रियता र राष्ट्रिय एकता हो। त्यसैले आन्तरिक एकता र सुशासन मार्फत देश र नागरिकका आकांक्षा सम्बोधन गर्नुछ। हामी अब निष्क्रिय भएर बस्ने समय छैन। नेपालले अब 'बफरजोन'बाट आफूलाई विकासको पुलमा रूपान्तरण गर्न सक्नै पर्छ, तर यो पुल बन्ने प्रक्रियामा कसैको छाताभित्र पस्नु हुँदैन, कसैको भरोसामा बस्नु पनि हुँदैन। सामरिक सुरक्षाको पहिलो शर्त अर्थतन्त्रको सबलपन हो। जबसम्म नेपालले आफ्नै स्रोतसाधनको बलमा खुट्टा टेक्दैन, तबसम्म बाह्य अनुदान र ऋणसँगै आउने शर्तले हाम्रो सार्वभौमिकतालाई थिचिरहने छ।

पृथ्वीनारायण शाहले असली हिन्दुस्थानको परिकल्पना गर्दा यो केबल धार्मिक कुरा थिएन, बरु दक्षिणबाट आउन सक्ने वैचारिक र सांस्कृतिक उपनिवेशबिरुद्धको एउटा मनोवैज्ञानिक पर्खाल थियो। अहिलेको सन्दर्भमा यो हाम्रो मौलिक पहिचानको रक्षासँग जोडिएको छ। त्यसैले धार्मिक एवम् मौलिक सांस्कृतिक सम्पदा र सम्पन्नता मार्फत समुन्नतिको जग बसाल्नेतर्फ लाग्नु पर्छ। नेपालको भूराजनीतिक नियति बदल्न सकिँदैन, तर यसको व्यवस्थापन पक्कै गर्न सकिन्छ। पृथ्वीनारायण शाहले देखाएको बाटो भनेको डरको बाटो होइन, सतर्कता र स्वाभिमानको बाटो हो। सत्ता र राजनीतिक नेतृत्वले विदेशी शक्तिको सामरिक गोटी बन्नुभन्दा उहाँका दिव्यदर्शनलाई आधुनिक कूटनीतिको औजार बनाउनु आवश्यक छ। राष्ट्रिय हितलाई केन्द्रमा राखेर गरिने मौन तर दृढ कूटनीति नै नेपालको अस्तित्व रक्षाको एक मात्र विकल्प हो।

**संकल्प गरौं– हामी देश बनाउँछौं**

जेन-जी जो प्रविधि र भूमण्डलीकरणको तीव्र लहरमा हुर्किएको छ। जेन-जीले दिव्योपदेशको मर्मलाई आधुनिक सन्दर्भमा पुनः व्याख्या गर्नु अपरिहार्य छ। पृथ्वीनारायण शाहले आफ्नो अन्तिम समयमा व्यक्त गरेका अनुभवसिद्ध विचारको सँगालो 'दिव्योपदेश' केबल एक ऐतिहासिक दस्ताबेज मात्र होइन, यो नेपालको भूराजनीति, अर्थतन्त्र र समाजशास्त्रको एक शाश्वत सूत्र हो भन्ने कुरा आत्मसात् गर्नु जरुरी छ।

नेपालको आत्मनिर्भरता र कूटनीतिक सन्तुलनको मूल मर्म 'नेपाल दुई ढुङ्गाबीचको तरुल हो' भन्ने उहाँको यथार्थबाट नै गुज्रिएको छ। यसले भौगोलिक अवस्थितिसँगै दुई विशाल अर्थतन्त्र र विचारधाराका बिचमा कसरी आफ्नो अस्तित्व र विशिष्टता जोगाउने भन्ने कुरालाई इङ्गित गरेको छ। दिव्योपदेश अहिलेको व्यापार घाटा न्यूनीकरण र स्थानीय उत्पादन प्रवर्द्धनको प्रारम्भिक अवधारणादेखि 'सबै जातको फूलबारी'को अर्थ समावेशी राज्यप्रणालीको अवधारणा थियो, जो अहिलेको लोकतान्त्रिक गणतन्त्रमा सबैको पहिचान र प्रतिनिधित्वको सुनिश्चितताको जग हो भन्ने कुरा आत्मसात् गर्नु जरुरी छ।

जेन-जी सूचनाको हक, व्यक्तिगत स्वतन्त्रता र विश्वव्यापी अवसरको खोजीमा छ। यो पुस्तामा परम्परागत राजनीतिप्रति वितृष्ण छ, तर देशको समृद्धिका लागि भोको छ। जेनजीले पृथ्वीनारायण शाह र उहाँको दिव्योपदेशको राष्ट्रवादलाई केबल सिमानासँग मात्र जोड्नु हुँदैन। बरु दिव्योपदेशको आत्मनिर्भरताको आर्थिक दृष्टिकोणलाई सफ्टवेयर, नवीनता र विश्वबजारमा नेपाली ब्रान्डको उपस्थितिसँग जोड्नुपर्छ। यो पुस्ताले केबल एकपक्षीय भक्तिमा विश्वास गर्नुहुँदैन।

यसले दिव्योपदेशलाई पनि किन र कसरी भन्ने तर्कको कसीमा राखेर अहिलेको विज्ञानको विकाससँग जोडेर हेर्न जान्नु र सक्नु पर्छ। नेपालका राजनीतिक दल र सरकारले दिव्योपदेशलाई केवल पुज्ने मात्र होइन, यसलाई नीतिगत तहमा रूपान्तरण गर्न आवश्यक छ। दलहरूले केवल वैदेशिक सहायता र रेमिट्यान्समा आधारित अर्थतन्त्रको साटो स्थानीय कच्चापदार्थ र प्रविधिमा आधारित उद्योगको नीति ल्याउनुपर्छ। पृथ्वीनारायणले भने झैं दुब छिमेकीसँग समान सम्बन्ध राख्नु विश्व शक्ति सङ्घर्षमा नेपालको अस्तित्व रक्षाको मूल मन्त्र हुनु पर्छ। *गोप*



# चिसोमा घाम ताप्दै
# बदाम खानुका धेरै फाइदा

जाडोयाममा हरेक चोक, सडक र चौरमा बदामको बिक्री हुने गरेको छ। पारिलो घाममा बसेर बदाम खाँदै साथीभाइसँग गफ गर्दै बस्नु छुट्टै आनन्द दिने गर्दछ।

बदाम एक पौष्टिकतत्वले भरिपूर्ण खाद्यवस्तु हो, यसमा भरपुर मात्रामा चिल्लो, प्रोटिन र विभिन्न प्रकारका भिटामिन तथा खनिज पाइने गर्दछ। बदाम खानाले मुटुको रक्त कोषिकाहरू स्वस्थ रहनुका साथै कोलेस्ट्रोललाई कम गर्नमा पनि यो अझ प्रभावकारी हुन्छ ।

बदामबाट भरिपूर्ण भोजनले स्वास्थ्यलाई निकै फाइदा पुऱ्याउँछ। बोक्राका साथमा बदाम खानु अझ राम्रो मानिन्छ। तर, यसको मात्रा भने सन्तुलित हुनु पर्दछ। हाल बजारमा बदामको मूल्य मात्रा र गुणस्तर अनुसार मुठीदेखि पाथीसम्म ५० रुपैयाँदेखि तीन सय ५० रुपैयाँसम्म पर्ने गर्दछ।

**नियमित बदाम खादा हुने फाइदा**

**मोटोपना घटाउन**

बदाम खाँदा पेट छिटो भरिने भएकाले तुरुन्तै अर्को खाने कुरा खान मन लाग्दैन। जसले गर्दा शरीरले अनावश्यक क्यालोरी लिन पाउँदैन। यसले गर्दा मोटोपन भएकाहरूको सजिलै तौल घट्न सक्छ।

**रोग प्रतिरोधात्मक शक्ति बढाउँछ**

नियमित बदाम खाँदा मुटु सम्बन्धी समस्याबाट बच्न सकिन्छ। बदाम खाने व्यक्तिमा डिप्रेसनका समस्या एकदम न्यून हुन्छ।

**क्यान्सरबाट बचाउँछ** : बदाममा फाइटोस्टेरोलु नाम गरेको तत्व हुन्छ। यसले सामान्यतयाः ट्युमरलाई नियन्त्रण गर्छ र क्यान्सर हुनबाट जोगाउँछ। एक अध्ययन अनुसार हप्ताका दुई पटक बदाम खाने महिलामा ५८ प्रतिशत र पुरुषमा २७ प्रतिशत कोलोन क्यान्सरको खतरा कम हुन्छ।

**फोलिक एसिड**

बदाममा प्रशस्त मात्रामा फोलिक एसिड रहेको हुन्छ। यसले महिलामा प्रजनन क्षमता बढाउँछ। यसका साथै गर्भमा रहेको शिशुको वृद्धि विकासमा पनि ठूलो भूमिका खेल्छ। विभिन्न अध्ययनले देखाएको छ कि गर्भवती हुनुअघि वा पछि नियमित बदाम खाएका आमाबाट जन्मिने शिशु स्वस्थ जन्मिन्छन्। यसका साथै जन्मिएका शिशुमा मुटु सम्बन्धी खतरा निकै कम हुन्छ।

**छाला चम्किलो बनाउन**

बदामले औषधिको काम पनि गर्छ। यदि अनुहारको छालामा फुस्रो वा दाग छ भने बदामको प्रयोग गरी सुन्दर छाला बनाउन सकिन्छ। नियमित बदाम खाएमा छालामा हुने सुख्खा वा खस्रोपनाबाट बचाउँछ।

**भिटामिन सी पाउन**

बदाममा भिटामिन सी पाइन्छ। यसले घाँटी खसखस हुने वा सुख्खा हुनबाट बचाउँछ। साथै नियमित बदाम खाएमा रुघाखोकीको जोखिम कम रहन्छ।

**कपालको लागि**

नियमित बदाम खाँदा कपालको सुन्दरतामा वृद्धि हुन्छ। बदाममा कपाल लामो र सुन्दर बनाउने तत्व रहेको हुन्छ। यसको सेवन गर्दा कपाल झर्ने टुक्रने तथा फुस्रो हुने समस्या आउँदैन। त्यसैले बदामको नियमित सेवन गर्नु बुद्धिमानी मानिन्छ।

## आजको रासिफल



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** स्वास्थ्यले साथ दिने छ, शरीरमा स्पूर्ति पैदा हुनेछ, अनावश्यक चिन्ता हटेर जानेछ, छोटो दुरीको यात्रा हुनाले मन खुशी रहला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** पती, पत्नीबीच थोरै विशेष सल्लाह हुन सक्छ, दिगो फाइदा हुने काम बन्नेछ, सन्तान पक्षबाट शुख मिल्नेछ, धैर्य रहनुहोला ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** तपाईको लागि आजको दिन मिश्रित फलदायी रहेको छ, परिवारजनमा खुशीको स्थिति रहला, कुरा काट्नेहरू हारेर जानेछन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** व्यापार-व्यवसायमा लाभदायक योग रहेको छ, अचानक धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुन सक्नेछ, मन प्रशन्न रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** मनमा धेरै कुरा खेल्ने समय छ, कार्यसिद्धीमा भएका बाधा-अड्चन हट्ने छ, घाटाको सामना गर्नुपर्ला, स्वास्थ्यमा विचार पुऱ्याउनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्या हटेर जानेछ, आज सन्तान पक्षबाट विशेष सहयोग प्राप्त हुनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते)** कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुनेछ, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुनसक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** समय सामान्य रहने छ, धार्मिक अभिरूची बढेर जानेछ, आजबाट पैतृक सम्पत्तिको वादविवाद हटेर जाने योग रहेको छ, धैर्य गर्नुहोला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोलिको भरमा विशेष काम बन्ने समय छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** दिन मध्यम रहेको छ, अनावश्यक खर्च घटेर जानेछ, नयाँ अवसरका बाटो खुल्नेछन्, पेट सम्बन्धी समस्याले सताउन सक्छ, खानपानमा ध्यान पुऱ्याउनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**मिति २०८२/१०/०७ बुधबारको सुनचाँदी मूल्य**

छापावाला सुन प्रति तोला रु. २,९५,६००/-

चाँदी प्रति तोला रु. ५,९३५/-

# रणनीतिक महत्त्वको च्याम्ताङ-घोङघप्पा सडक निर्माण नेपाली सेनाबाट



**सुनसरी, माघ ७।** भिरालो पहाड र कडा चट्टानबीच नेपाली सेनाले च्याम्ताङ-घोङघप्पा सडक निर्माणको काम द्रूतगतिमा गरिरहेको छ।

विस्फोट र डोजरको गर्जनबीच खुल्दै गएको 'ट्र्याक'ले दुर्गम सङ्खुवासभाका बासिन्दालाई केबल आवागमनको सुविधा मात्र होइन, स्वास्थ्य, शिक्षा, व्यापार र स्थानीय जीवनमा पहुँच विस्तार गर्ने नयाँ ढोका खोल्दैछ। भिरालो भू-भाग, ठूला ढुङ्गा र जोखिमपूर्ण पहाडी संरचनाबीच निर्माण भइरहेको यस सडकले दुर्गम क्षेत्रका नागरिकको दैनिकीमा प्रत्यक्ष परिवर्तन ल्याउने अपेक्षा गरिएको छ।

यो सडक अब केबल आवागमनको साधन मात्र नभई सीमा सुरक्षा, राष्ट्रिय स्वाधीनता, भौगोलिक पहुँच विस्तार र भविष्यको समग्र विकाससँग जोडिएको अत्यन्तै रणनीतिक महत्वको परियोजना बन्नेछ। यो सडकले उत्तर-दक्षिण राजमार्गका रूपमा चीन र भारतसँगको भौतिक सम्पर्कमा पनि योगदान पुऱ्याउने भएकाले राष्ट्रिय सुरक्षा र क्षेत्रीय समन्वयको दृष्टिले समेत अत्यन्तै महत्वपूर्ण मानिएको छ।

कोशी करिडोर अन्तर्गत पर्ने खाँदबारी-किमाथाङ्का सडकको च्याम्ताङ-घोङघप्पा खण्डमा हाल नेपाली सेनाले कठिन परिस्थितिका बाबजुद निरन्तर रूपमा निर्माण कार्य अघि बढाइरहेको छ। कडा भू-बनोट, ठूला चट्टानी संरचना, भिरालो पहाड र जोखिमपूर्ण भौगोलिक अवस्थाबीच विस्फोट (ब्लाष्टिङ), डोजर तथा भारी मेसिनरीको प्रयोग गर्दै सडकको ट्र्याक निर्माण र स्तरोन्नतिको काम भइरहेको सेनाले जनाएको छ।

खाँदबारी-किमाथाङ्का सडक अन्तर्गत च्याम्ताङ-घोङघप्पा खण्डको १० दशमलव ५१ किलोमिटर लामो ट्र्याक निर्माण कार्यको जिम्मेवारी मन्त्रिपरिषद्को निर्णय अनुसार २०७६ भदौ २२ गते नेपाली सेनालाई प्रदान गरिएको सैनिक प्रवक्ता तथा सहायक रथी राजाराम बस्नेतले बताए। उनका अनुसार सो खण्डको कुल लम्बाइ १० दशमलव ५१ किलोमिटर र चौडाइ नौ मिटर रहेको छ। ट्र्याक खोल्ने प्रारम्भिक लागत अनुमान रु. ६२ करोड ९० लाख रहेको छ, जसमा कडा चट्टान फुटाउने, ब्लाष्टिङ, ढुङ्गा हटाउने तथा ट्र्याक मिलाउने कार्यहरू रहेका छन्।

आर्थिक वर्ष २०७७ सालदेखि शुरु भएको निर्माण कार्य अन्तर्गत गत आव २०८१/०८२ मा नयाँ ट्र्याक खोल्ने काम सम्पन्न भइसकेको छ। चालू आव २०८२/०८३ मा चार दशमलव ३१ किलोमिटर सडक स्तरोन्नति गरी आवश्यक मापदण्ड पूरा गरेर सडक विभागलाई हस्तान्तरण गरिने प्रवक्ता बस्नेतले बताए।

सेनाका अनुसार उक्त सडक कडा चट्टान, साँघुरो भिर, जोखिमपूर्ण भू-बनोट र प्राकृतिक चुनौतीका कारण निर्माण गर्न अत्यन्तै कठिन रहेको छ। सडक सञ्चालनमा आएपछि दुर्गम क्षेत्रका बासिन्दाले दैनिक आवागमन, कृषि तथा व्यापारिक गतिविधि, खाद्यान्न ढुवानी, स्वास्थ्य सेवा र शैक्षिक पहुँचमा ठूलो सहजता पाउनाका साथै यसले स्थानीय जनजीवनलाई प्रत्यक्ष रूपमा परिवर्तन गर्ने विश्वास लिइएको छ।

उनका अनुसार सीमा क्षेत्रमा सहज आवागमनका साथै आपत्कालीन सेवा, प्राकृतिक विपद् व्यवस्थापन, राहत सामग्री ढुवानी तथा सुरक्षात्मक गतिविधिमा समेत सडक अत्यन्तै उपयोगी हुनेछ। च्याम्ताङ-घोङघप्पा खण्डमा नेपाली सेनाले 'एक्सप्लोसिभ' प्रयोग गरी ब्लाष्टिङमार्फत होल खोप्ने, विस्फोट गर्ने, ढुङ्गा हटाउने र त्यसपछि ट्र्याक मिलाउने कार्य गर्दै आएको छ। भिरालो पहाड, ठूला ढुङ्गा र निरन्तर ढुङ्गा, माटो झर्ने जोखिमबीच भारी मेसिनरी प्रयोग गरी सडकको आधार तयार पारिँदै आएको सेनाले जनाएको छ।

सडक निर्माण कार्यमा स्थानीय जनशक्तिको सहभागिता सुनिश्चित गरिएको छ। यसले दुर्गम भेगका बासिन्दालाई रोजगारीको अवसर प्रदान गर्नाका साथै सडक निर्माणसम्बन्धी प्राविधिक ज्ञान, सीप र अनुभव विकास गर्न समेत सहयोग पुगेको छ। सडक निर्माणले स्थानीय पर्यटन प्रवर्द्धन, कृषि उत्पादनलाई बजारसम्म पुऱ्याउने, व्यापारिक गतिविधि विस्तार गर्ने र क्षेत्रीय आर्थिक चलायमानता बढाउन सहयोग पुग्नेछ। सडक पूर्ण रूपमा स्तरोन्नति भई सञ्चालनमा आएपछि स्थानीय तथा क्षेत्रीय विकासमा ठूलो योगदान पुग्ने विश्वास गरिएको छ।

निर्माण कार्य सम्पन्न भएपछि नेपाली सेनाले आवश्यक समन्वय गर्दै उक्त सडकलाई सडक विभाग लगायत सम्बन्धित निकायलाई हस्तान्तरण गर्ने जनाएको छ। कोशी करिडोर अन्तर्गत उत्तर-दक्षिण राजमार्गका रूपमा विकास हुने यो सडकले चीन र भारतसँगको भौतिक सम्पर्क मजबुत बनाउने भएकाले यसको रणनीतिक, आर्थिक र सामाजिक महत्व अझ बढ्नेछ। कडा श्रम, जोखिमबीच निर्माण भइरहेको च्याम्ताङ-घोङघप्पा सडकले सङ्खुवासभाको दुर्गम पहाडी भेगमा विकासको ढोका खोल्ने अपेक्षा गरिएको छ।

दुर्गम पहाडी भू-भाग, भिरालो भू-भाग र कडा चट्टानको कारण सामान्य सिभिल निर्माण पद्धतिले सडक निर्माण गर्न सम्भव छैन। नेपाली सेनाले निर्माण कार्य नगरेको भए च्याम्ताङ-घोङघप्पा सडकको ट्र्याक खोल्न नै असम्भव हुने स्थानीयबासी बताउँछन्।

नेपाली सेनाले आफ्नो अनुभव, प्राविधिक क्षमता प्रयोग गर्दै निर्धारित लक्ष्य अनुसार काम गरिरहेको छ। सेनाको मिहेनत, व्यवस्थित कार्य प्रणाली र दक्षताका कारण मात्र यो दुर्गम भू-भागमा सडक निर्माण सम्भव भएको उनले बताए। यसले स्थानीय जनताको आवागमन सहज बनाउने मात्र होइन, व्यापार, कृषि र दैनिक जीवनमा समेत प्रत्यक्ष योगदान पुऱ्याउनेछ।

सङ्खुवासभाको दुर्गम पहाडी भू-भागमा निर्माण भइरहेको च्याम्ताङ-घोङघप्पा सडकको भौगोलिक चुनौती अत्यन्तै जटिल रहेको प्रमुख जिल्ला अधिकारी सिर्जना थपलियाले बताइन्। सडकखण्डको ढाँचामा सामान्य ब्लाष्टिङ पर्याप्त नहुँदा कतिपय स्थानमा डबल ब्लाष्टिङ गरी ढुङ्गा र माटो हटाएर ट्र्याक तयार गर्नुपर्ने भएकाले निर्माण कार्य थप चुनौतीपूर्ण रहेको उनको भनाइ छ। यो सडक भू-भागको हिसाबले अत्यन्त जोखिमयुक्त मानिन्छ। कठिन परिस्थितिका बाबजुद पनि नेपाली सेनाले निर्माण कार्य निरन्तर जारी राखेको छ। सामान्य सिभिल इन्जिनियरले डिजाइन गर्न नसक्ने जटिल भू-भाग भएकाले सेनाले आफ्नै प्राविधिक क्षमता प्रयोग गर्दै निर्माण गरिरहेको छ।

निर्माण सम्पन्न भएपछि यस सडकले खाँदबारीदेखि किमाथाङ्का सडकखण्डमा पर्ने तीन पालिका जसमा चिचिला गाउँपालिका, मकालु गाउँपालिका र भोटखोला गाउँपालिकालाई सिधा जोड्ने भएकाले स्थानीय जनताको आवागमन अत्यन्त सहज हुने प्रमुख जिल्ला अधिकारी थपलियाले बताइन्। साथै, दुर्गम क्षेत्रका नागरिकले दैनिक जीवन, कृषि, व्यापार र स्वास्थ्य शिक्षा सम्बन्धी सेवामा पहुँच विस्तार गर्ने सहयोग पुग्ने उनको भनाइ छ। यो सडकले स्थानीय आवागमन सहज बनाउनाका साथै नजिकका सदरमुकाम, अन्य गाउँपालिका र आर्थिक केन्द्रसँग पनि प्रत्यक्ष सम्पर्क स्थापित गर्ने भएकाले क्षेत्रीय विकासमा महत्वपूर्ण योगदान पुऱ्याउनेछ। सडक निर्माण पूरा भएपछि यसले व्यापार, सेवा-सुविधा र सामाजिक विकासमा समेत ठूलो प्रभाव पार्नेछ।

नेपाली सेनाले निर्माण गरिरहेको सडक सम्पन्न भएपछि यस सडकसँग जोडिएका अगाडि-पछाडिका खण्डलाई निजी कम्पनीहरूले ठेक्का लिएर निर्माण गरिरहेका छन्। ती कामलाई सहज बनाउने र 'ब्रेक थ्रु' गर्न थप सहयोग पुग्ने प्रमुख थपलियाको भनाइ छ। यसरी च्याम्ताङ-घोङघप्पा सडकले केवल आवागमनको मार्ग मात्र नभई दुर्गम सङ्खुवासभामा विकास, सुरक्षा र समग्र भौगोलिक पहुँचको नयाँ ढोका खोल्नेछ।

कडा भू-बनोट, भिरालो पहाड र जोखिमपूर्ण चट्टानी संरचनाबीच निर्माण भइरहेको यस सडक परियोजना नेपाली सेनाको उदाहरणीय काम मध्ये एक बनेको छ। निर्माणसम्पन्न भएपछि यो सडक क्षेत्रीय आवागमन, व्यापारिक गतिविधि र स्थानीय जनताको जीवनस्तर सुधारमा दीर्घकालीन योगदान पुऱ्याउने विश्वास गरिएको छ।



**सागको व्यापार** | इलामको सूर्योदय नगरपालिका-१३ अरूणदय टोलका किसानले उत्पादन गरेको साग झापाको चारआली बजारमा बिक्रीका लागि लैजान गाडीमा लोड गरिँदै। यस टोलका किसानले हरेक दिन एक हजार मुठा साग बिक्री गर्छन्। साग प्रति मुठा २० रूपैयाँले बिक्री हुने किसान बताउँछन्। तस्वीर : रासस

## ब्राउनसुगरसहित पक्राउ

**मोरङ, माघ ७।** मोरङको विराटनगर महानगरपालिका-४ बाट लागूऔषध ब्राउनसुगर र प्रतिबन्धित औषधिसहित दुई जना पक्राउ परेका छन्।

लागूऔषध नियन्त्रण ब्युरो विराटनगर र जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा को ३७ प ३३६६ नम्बरको मोटरसाइकलमा शंकास्पद अवस्थामा रहेका सुनसरी भोक्राहानरसिंह गाउँपालिका-५ का ३५ वर्षीय सुदिन मन्सुरीलाई एक सय ४० ग्राम ब्राउनसुगरसहित पक्राउ गरेको हो।

उता इटहरी-५ का ५० वर्षीय रोहित कार्कीलाई उनकै कोठाबाट १४ ग्राम २३ मिलिग्राम ब्राउनसुगर, प्रतिबन्धित औषधि नाईट्राजाम चार सय ६० ट्याब्लेट, कोरेक्स १८ बोतल र स्पास्मोप्रोक्सिवन तीन सय ३६ क्यापसुलसहित पक्राउ गरेको छ।

## कुमाल बस्तीमा पिउने पानीको समस्या

**भोजपुर, माघ ७।** षडानन्द नगरपालिका-६ मोथेटारस्थित कुमाल बस्ती स्वच्छ पिउने पानीको अभावमा काकाकुल बनेको छ।

लामो समयदेखि बस्तीका ५० परिवार पानीको समस्याले पीडित भएका हुन्। पानी अभावका कारण स्थानीयलाई बिहान-बेलुका पानीको जोहो गर्न घण्टौं खर्चिनुपर्ने बाध्यता छ भने पर्याप्त पानी नहुँदा सरसफाई र स्वास्थ्यमा समेत असर परेको छ।

बस्तीका कृष्णबहादुर कुमालका अनुसार पानीका लागि धेरै समय बिताउनु परेकाले कृषि, मजदुरी लगायत अन्य काम प्रभावित भएका छन्। हिउँदमा समस्या अझ बढी हुने गरेको छ। पानीको अभावमा महिला, बालबालिका र वृद्धवृद्धालाई बढी प्रभावित भएका छन्।

कुमाल बस्तीको समस्या समाधानको प्रयासमा आफूहरु क्रियाशील रहेको षडानन्द नगरपालिका-६ का वडाध्यक्ष सुमन विसुन्केले बताए। त्यहाँ पानी व्यवस्थापनका लागि सात लाख ५० हजार रुपैयाँ बजेट विनियोजन भएको जानकारी उनले दिए।

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले लगत-कट्टा गरी पाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएको हुँदा विशेष अदालत ऐन- २०५९को दफा-१० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यसउपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाण सहित यस कार्यालयमा निवेदन दिनु होला। तोकिएको समयावधिभित्र विरोध नभएमा भू.सु.ऐन-२०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कित्ता न. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| गौरादेवी खरेल | दमक नपा.-८ | ३३०७ | ०-७-० | सङ्गडोल/ सङ्गदोज ताजपुरिया |
| टीकाराम खरेल | दमक नपा.-८ | ३३०४ | ०-१-१० | सङ्गडोल/ सङ्गदोज ताजपुरिया |
| कविता कुमारी खरेल | दमक नपा.-८ | ३१८ | ०-२-० | सङ्गडोल/ सङ्गदोज ताजपुरिया |
| सन्जित कुमार खरेल | दमक नपा.-८ | ३३०५ | ०-१-१० | सङ्गडोल ताजपुरिया |
| रेवतीराज खरेल | दमक नपा.-८ | ३३०६ | ०-१-१० | सङ्गडोल ताजपुरिया |


उच्च गुणस्तर सुलभ मूल्य
सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

होटल समृद्धि सुरुङ्गा
एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा।
होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

SUNMAI SPRING
'थोपा-थोपामा जीवन छ'
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

मार्बल शिलालेख
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६०० ९८१६०४९८००

सस्तो मूल्यमा सिपमूलक तालिम
प्लम्बर, इलेक्ट्रीसीयन, मेन, स्काफहोल्डर, स्टील फिक्चर लगायत कन्ट्रक्सन सम्बन्धी सम्पूर्ण ट्रेनिङ्गहरु गराइन्छ।
नोटः टाढाबाट आउनेलाई खान/बस्नको सुविधा दिइने छ।
सम्पर्क : ९७०४०६६८४४

आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क : ९८१८७९३९८६, ९८५२६८८९८६

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या
मुटु सम्बन्धी समस्या
राति निद्रा नलाग्ने
छाती दुख्ने
फोक्सो सम्बन्धी समस्या
बाथ
थाईराईड
रक्तचाप
मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस्।
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला। साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क :
सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोनः ९७०००६८५४०, ९८०१४५००३

शुद्ध दूधको स्वस्थ उत्पादन
कोसेली
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैँ तपाईहरुको साथमा"
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।
सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईंको सेवामा!
हाम्रो स्थानहरू :
बिर्तामोडमा हिकोला रोड फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)

हामीलाई सम्पर्क गर्नुहोस्
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

UNited International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनीः युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421 9807963795 / 9816015488
email: asialinkjhapa@gmail.com phagdhakgroup@gmail.com

वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईंलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२ ९८०१३६४०९३

सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २X२ जिप्सन तथा २X२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३